दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्या: ६/२०८१/०८२ मितिः २०८१/०९/२३

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः बिहान ७.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | अघिल्ला बैठकका निर्णयहरूको प्रगति समिक्षा सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | प्रथम दंगीशरण कृषि, औद्योगिक तथा पर्यटन महोत्सव २०८१ सञ्चालन अनुमति सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | आ.व. २०८२/०८३ को आर्थिक प्रक्षेपण सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | आर्थिक सहायता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | दंगीशरण गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि चौथो संसोधन २०८१ अनुमोदन सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | विविध। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |

| | | | |
|---|---|---|---|
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

बैठक संख्याः ६/२०८१/०८२ मितिः २०८१/०९/२५

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः बिहान ७.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | अघिल्ला बैठकका निर्णयहरूको प्रगति समिक्षा सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | प्रथम दंगीशरण कृषि, औद्योगिक तथा पर्यटन महोत्सव २०८१ सञ्चालन अनुमति सम्बन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | आ.व. २०८२/०८३ को आर्थिक प्रक्षेपण सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | आर्थिक सहायता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | दंगीशरण गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि चौथो संसोधन २०८१ अनुमोदन सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | विविध।<br>(क) माघी महोत्सव २०८१ को लागि थप रकमको व्यवस्था सम्बन्धमा।<br>(ख) दंगीशरण गाउँपालिकाको आयोजनामा सञ्चालन हुने विभिन्न सभा, समारोह, महोत्सव तथा सांस्कृतिक पर्वहरूमा सहभागी हुने नृत्य, झाँकी तथा जुलुसहरूको लागि यातायात रकमको व्यवस्था सम्बन्धमा।<br>(ग) मेलमिलापकर्ताहरूको गत आ.व. २०८०/०८१ मा भुक्तानी हुन बाँकी बैठक भत्ता भुक्तानी दिने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**बैठक नं. ६/२०८१/०८२**

**बैठक बसेको मिति**: २०८१/०९/२५

**बैठक बसेको स्थान**: दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८१/०९/२५ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री कर्ण बहादुर नेपाली | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

# मिति २०८१/०९/२५ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव नं. १**
अघिल्ला बैठकका निर्णयहरूको प्रगति समिक्षा सम्बन्धमा ।

**निर्णय**: यस बैठक पूर्व कार्यपालिकाबाट पारित निर्णयहरूमाथि छलफल गरी समिक्षा गरियो । कार्यपालिकाबाट पारित निर्णयहरू कार्यान्वयनको क्रममा रहेको पाइयो । कार्यान्वयन हुन बाँकी निर्णयहरू यथासिघ्र कार्यान्वयनमा लैजान निर्देशन दिने ।

**प्रस्ताव नं. २**
प्रथम दंगीशरण कृषि, औद्योगिक तथा पर्यटन महोत्सव २०८१ सञ्चालन अनुमति सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको समन्वयमा दंगीशरण गाउँपालिका वडा नं. ६ बागर खोलाको किनारमा आयोजना हुने प्रथम दंगीशरण कृषि, औद्योगिक, सांस्कृतिक तथा पर्यटन महोत्सव २०८१ सञ्चालनका लागि अनुमति दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिकाको समन्वयमा दंगीशरण गाउँपालिका वडा नं. ६ बागर खोला किनारमा आयोजना हुने प्रथम दंगीशरण कृषि, औद्योगिक, सांस्कृतिक तथा पर्यटन महोत्सव २०८१ को लागि यस अघिको कार्यपालिका बैठकबाट पारित निर्णयलाई परिमार्जन गर्दै महोत्सव आयोजनाका लागि प्राप्त भएका तपसिल बमोजिमका प्रस्तावहरू प्राप्त भएको हुँदा प्राप्त प्रस्तावहरूमध्ये फ्रेण्ड्स स्केट जोन प्रा.लि. घोराही-१० दाङको बाट प्राप्त प्रस्ताव उपयुक्त र प्रभावकारी देखिएको हुँदा कानूनबमोजिम लाग्ने कर राजश्व बापत एकमुष्ठ रू. २,००,०००/- (अक्षरुपी रू. दुई लाख रूपैयाँ) लिई महोत्सव सञ्चालनको अवधिमा शान्ति सुरक्षा लगायतका सम्पूर्ण व्यवस्थापन सम्बन्धी कार्यहरू सञ्चालकले गर्ने गरी मिति २०८१ साल पौष २८ गतेदेखि माघ ८ गतेसम्म सञ्चालनका लागि अनुमति दिने ।
तपसिल

| क्र.सं. | फर्मको नाम | ठेगाना | सञ्चालक | कैफियत |
|---|---|---|---|---|
| १ | फ्रेण्ड्स स्केट जोन प्रा.लि. | घोराही-१० दाङ | श्री अजय बुढाथोकी | |
| २ | भावना अम्युजमेन्ट प्रा.लि. | लम्की चुहा-४ कैलाली | श्री कृष्ण खत्री | |
| ३ | स्वर्गद्वारी फोटो एण्ड आर्टस् | तुलसीपुर-५, दाङ | श्री सुरज जङ्ग रायमाझी | |

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

प्रस्ताव नं. ३
आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रक्षेपण सम्बन्धमा ।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
बैठक संख्या: ६/२०८१/०८२
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ।

प्रस्तावको संक्षिप्त व्यहोराः आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि आम्दानी तथा खर्चको अनुमान सहितको आर्थिक प्रक्षेपण गर्नुपर्ने भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि देहायबमोजिम आम्दानी तथा खर्च सहितको आर्थिक प्रक्षेपण स्वीकृत गर्ने ।

आर्थिक वर्ष २०८२/०८३ को लागि आय-व्ययको प्रक्षेपण

| क्र.सं. | विवरण | आय | व्यय | कैफियत |
|---|---|---|---|---|
| १ | आन्तरिक श्रोत | १,२०,००,०००.०० | १,२०,००,०००.०० | |
| २ | संघीय सरकारबाट प्राप्त हुने अनुदान | २८,६९,५३,०००.०० | २८,६९,५३,०००.०० | |
| क | वित्तीय समानिकरण अनुदान | १०,१८,००,०००.०० | १०,१८,००,०००.०० | |
| ख | सशर्त अनुदान | १८,५१,५३,०००.०० | १८,५१,५३,०००.०० | |
| ३ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | ५,९२,२६,०००.०० | ५,९२,२६,०००.०० | |
| क | वित्तीय समानिकरण अनुदान | ६७,२६,०००.०० | ६७,२६,०००.०० | |
| ख | सशर्त अनुदान | १,८५,००,०००.०० | १,८५,००,०००.०० | |
| ग | विशेष अनुदान | २,००,००,०००.०० | २,००,००,०००.०० | |
| घ | समपूरक अनुदान | १,४०,००,०००.०० | १,४०,००,०००.०० | |
| ४ | बाँडफाँडबाट प्राप्त हुने राजश्व | ९,५८,२२,०००.०० | ९,५८,२२,०००.०० | |
| क | संघीय सरकार | ८,७१,२२,०००.०० | ८,७१,२२,०००.०० | |
| ख | प्रदेश सरकार | ४८,००,०००.०० | ४८,००,०००.०० | |
| ग | मालपोतबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन शुल्क | ३९,००,०००.०० | ३९,००,०००.०० | |
| ५ | वन रोयल्टी | ४,६५,०००.०० | ४,६५,०००.०० | |
| ६ | अन्य तहबाट प्राप्त अनुदान | ८,०३,८७३.०० | ८,०३,८७३.०० | |
| क | एल.जी.एस.पी. | ५,०३,८७३.०० | ५,०३,८७३.०० | |
| ख | साझेदार संघसंस्था | ३,००,०००.०० | ३,००,०००.०० | |
| ७ | गत आ.व. को अनुमानित बैंक मौज्दात तथा बचत हुने रकम | ८०,००,०००.०० | ८०,००,०००.०० | |
| | जम्मा | ४६,३२,६९,८७३.०० | ४६,३२,६९,८७३.०० | |

निर्णयः माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ४**

आर्थिक सहायता सम्बन्धमा ।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
बैठक ६/२०८१/०८२
मिति २०८२/०५/२४ को
निर्णय प्रमाणित।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक सहायताका लागि सोझै माग भइआएका व्यक्ति तथा संघसंस्थाहरूलाई माग र औचित्यका आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएकोले।

**हुनु पर्ने निर्णय**: विभिन्न कारण खुलाई दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भइआएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका तपसिलमा उल्लेखित व्यक्ति तथा संघसंस्थाहरूलाई कारण र औचित्यका आधारमा दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७५ अनुसार आर्थिक सहायता उपलब्ध गराउने।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | कारण | भुक्तानीको अवस्था |
|---|---|---|---|---|---|
| १ | नेपाल निवृत्त राष्ट्रसेवक समाज | घोराही, दाङ | १०,०००/- | सभाकक्ष निर्माणको लागि सहयोग | नभएको |
| २ | श्री खुशीराम चौधरी | दंगीशरण-६, दाङ | ५,०००/- | श्रीमतिको पक्षाघात | भएको |
| ३ | श्री टेकबहादुर नेपाली | दंगीशरण-६, दाङ | ५,०००/- | बावुको मृगौला फेल | भएको |
| ४ | श्री अनु चौधरी | दंगीशरण-४, दाङ | ५,०००/- | रक्त क्यान्सर | भएको |
| ५ | खुमबहादुर खड्का समाज विकास समिति | घोराही, दाङ | १,००,०००/- | खेलकूद प्रतियोगिता सञ्चालन | नभएको |
| ६ | श्री रुद्रबहादुर कामी | दंगीशरण-१, दाङ | ५,०००/- | आर्थिक अवस्था कमजोर | भएको |
| ७ | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल | दाङ देउखुरी | ५,०००/- | राष्ट्रिय कार्यशाला | नभएको |
| ८ | थारू समाज सुधार उत्थान केन्द्र | तुलसीपुर, दाङ | ५,०००/- | माघी महोत्सव | नभएको |

**निर्णय**: भुक्तानी भइसकेकाहरूको भुक्तानी समर्थन गरि भुक्तानी हुन बाँकीहरूलाई भुक्तानी दिने।

**प्रस्ताव नं. ५**

दंगीशरण गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि चौथो संसोधन २०८१ अनुमोदन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ (तेश्रो संशोधन २०८० सहित) कार्यान्वयनमा केहि जटिलत्ता पैदा भई चौथो संशोधन गर्न आवश्यक भएकोले।

कार्यपालिकाको बैठक ६/२०८१/०८२ मिति २०८१/०८/२५ को निर्णय प्रमाणित।



कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ (तेश्रो संशोधन २०८० सहित) कार्यान्वयनमा केहि जटिलता पैदा भएको हुँदा आर्थिक विकास समितिको मिति २०८१/०९/२४ गतेको बैठकको सिफारिस बमोजिम दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिम चौथो पटक संशोधन गर्ने।

तपसिल

| क्र.सं. | हाल भएको व्यवस्था (दफा, उपदफा) | संशोधन/थप भएको (दफा, उपदफा) | कारण/पुष्ट्याईं |
|---|---|---|---|
| १ | मूल कार्यविधिको दफा ३ को उपदफा (३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूचि-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नविकरण गरिदिनेछ। | मूल कार्यविधिको दफा ३ को उपदफा (३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूचि-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नविकरण गरिदिनेछ।<br>तर छ महिनाभन्दा बढी म्याद नाघेको हकमा अनुसूचि-२ बमोजिम म्याद नाघेको अवधिको प्रतिवर्षका हिसाबले थप दस्तुर लिई नविकरण गर्न सकिनेछ। | समयमा नविकरण नभई म्याद नाघेका र व्यवसाय सञ्चालन गर्न ईच्छुक व्यक्तिलाई फर्म नविकरण गरी व्यवसाय सञ्चालनमा सहजता प्रदान गर्न आवश्यक देखिएकोले। |
| २ | मूल कार्यविधिमा निर्माण व्यवसायी फर्मको नामसारी तथा ठाउँसारी सम्बन्धी व्यवस्था नभएको। | मूल कार्यविधिको दफा ३.क थप गरी देहायको व्यवस्था गरिएको छ ३.क नामसारी ठाउँसारी सम्बन्धी व्यवस्थाः 'घ' वर्गको इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले आफ्नो नाममा दर्ता भएको फर्म अर्को व्यक्तिको नाममा नामसारी वा ठाउँसारी गर्न चाहेमा उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयबाट निर्माण सम्बन्धी ठेक्का पट्टाको काम गर्ने | अन्य स्थानीय तहमा दर्ता भई दंगीशरण गाउँपालिकामा ठाउँसारी गर्न चाहेमा वा नामसारी गर्न चाहेमा कागज प्रमाणका आधारमा नविकरण गरी नामसारी, ठाउँसारी गर्ने कार्यलाई सहजिकरण गर्न आवश्यक देखिएकोले। |

गाउँ कार्यपालिकाको
बैठक संख्या ६/२०८१/०८२
मिति २०८१/०९/२४ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली

| | | | |
|---|---|---|---|
| | | प्रयोजनका लागि जारी गरिएको प्राईभेट फर्म वा साझेदारी फर्मको नामसारी वा ठाउँसारी हुने गरी जारी भएको प्रमाणपत्र, आन्तरिक राजश्व कार्यालयबाट जारी भएको कर चुक्ता प्रमाणपत्र, नामसारी भएपछिको नयाँ व्यवसायीको नामबाट जारी भएको स्थायी लेखा नम्बर र ठाउँसारीको हकमा नयाँ ठेगानामा ठाउँसारी भएको प्रमाण पेश गरी आवेदन दिएमा नयाँ सरह इजाजतपत्र दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले नामसारी तथा ठाउँसारी गर्नेछन्। | |
| ३ | मूल कार्यविधिको अनुसूचि २ को महल ५ मा इजाजत नविकरण थप दस्तुर रू. १०००/- भएको | मूल कार्यविधिको अनुसूचि २ मा म्याद नाघेका इजाजतपत्रको लागि म्याद नाघेको अवधिको प्रतिवर्ष रू. २०००/- दरले थप नविकरण दस्तुर। | म्याद नाघेको फर्मको हकमा ईजाजत पत्रको नविकरण दस्तुरका अलावा थप बिलम्व दस्तुरको व्यवस्था गर्नुपर्ने भएकोले। |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

प्रस्ताव नं. ६

**विविध।**

(क) माघी महोत्सव २०८१ को लागि थप रकमको व्यवस्था सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोराः** हिन्दु धर्मावलम्बी तथा थारू जातिको महान चाड माघी पर्वको अवसरमा सञ्चालन हुन लागेको दंगीशरण मघौटा म्याला-२०८१ को आयोजना गरी भव्यरूपमा मनाउनको लागि विनियोजित बजेटबाट अत्यावश्यक कार्यका लागि रकम नपुग भई थप रकमको व्यवस्था गर्नुपर्ने भएकोले।

**हुनु पर्ने निर्णयः** हिन्दु धर्मावलम्बी तथा थारू जातिको महान चाड माघी पर्वको अवसरमा सञ्चालन हुन लागेको दंगीशरण मघौटा म्याला-२०८१ को आयोजना गरी भव्यरूपमा मनाउनको लागि विनियोज़ित बजेटबाट अत्यावश्यक कार्यका लागि रकम नपुग हुन गएकोले विविध शिर्षकबाट व्ययभार हुने गरी थप रू. ३०,०००/- (अक्षरुपी तीस हजार मात्र) उपलब्ध गराउने।

गाउँ कार्यपालिकाको
बैठक संख्या ६।२०८१।०८२
मिति २०८१।०९।२८ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ख) दंगीशरण गाउँपालिकाको आयोजनामा सञ्चालन हुने विभिन्न सभा, समारोह, महोत्सव तथा सांस्कृतिक पर्वहरूमा सहभागी हुने नृत्य, झाँकी तथा जुलुसहरूको लागि यातायात रकमको व्यवस्था सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आयोजनामा सञ्चालन हुने विभिन्न सभा, समारोह, महोत्सव तथा सांस्कृतिक पर्वहरूमा सहभागी हुने नृत्य, झाँकी तथा जुलुसहरूको लागि यातायात रकमको निर्धारण गर्न आवश्यक भएको हुनाले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आयोजनामा सञ्चालन हुने विभिन्न सभा, समारोह, महोत्सव तथा सांस्कृतिक पर्वहरूमा सहभागी हुने नृत्य, झाँकी तथा जुलुसहरूको लागि प्रति सहभागी समूह बढीमा रू. ५,०००/- (रू. पाँच हजार) का दरले यातायात रकम उपलब्ध गराउने ।

**निर्णयः** माथि व्यहोरमा लेखिएबमोजिम गर्ने ।

(ग) मेलमिलापकर्ताहरूको गत आ.व. २०८०/०८१ मा भुक्तानी हुन बाँकी बैठक भत्ता भुक्तानी दिने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** गत आ.व. २०८०/०८१ मा भुक्तानी हुन बाँकी मेलमिलापकर्ताहरूको बैठक भत्ता भुक्तानीको लागि आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** गत आ.व. २०८०/०८१ मा भुक्तानी हुन बाँकी रहेको मेलमिलापकर्ताहरूको बैठक भत्ता चालु आ.व. २०८१/०८२ मा मेलमिलापकर्ताहरूको क्षमता विकास तथा पुनर्ताजगी तालिमको लागि विनियोजित रकमबाट भुक्तानी दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ६/२०८१/०८२
मिति २०८१/०८/२२ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत